# प्रकोपमा पर्नु भएकाहरूका लागी

## ０.आपतकालीन आवास केन्द्र ( हिनान ज्यो ) मा जाने

**・आफ्नो घरमा बस्न सकिने अवस्था छैन भने आपतकालीन आवास (हिनान ज्यो )मा जाने**

बिजुली, ग्यास,पानी,शौचालय जस्ता कुरा हरू बन्द भइ प्रयोग गर्न नमिल्ने र आफ्नो घरमा बस्न नमिल्ने भएमा नजिकैको आपतकालीन आवास केन्द्रमा जाऔँ । आपतकालीन आवास केन्द्रमा खाना र बस्न निशुल्क उपलब्ध हुन्छ । त्यहाँ सम्पूर्ण सहयोगहरू सम्बन्धी जानकारी पनि गराइन्छ ।

## １. क्षतिको अवस्थाको फोटो खिच्ने

**・क्षतिको अवस्थाको रेकर्ड राख्ने**




मर्मत गर्नु भन्दा पहिले क्षतिको अवस्था बुझ्न सकिने गरि घरको वरिपरि र घर भित्रको फोटो खिच्ने।

घर मात्रै नभइ बिग्रका सम्पूर्ण सामानहरु (गाडी , फ्रिज वा बिधुतिय सामानहरू) को पनि फोटो खिचेर राख्ने ।

डुबानमा पेको बेला डुबेको भाग स्पष्ट बुझिने गरि फोटो खिचेर राख्ने ।

रेकर्ड राख्नाले पछि बिमाको पैसा आवेदन गर्दा अथवा भुकम्प (प्राकृतिक प्रकोप) पीडित प्रमाण पत्र बनाउनका लागि काम लाग्छ ।

**※ भुकम्प (प्राकृतिक प्रकोप ) पीडित प्रमाण पत्र भन्नाले**

नगरपालिकामा आफ्नो घरमा क्षति भएको कुराको कागजात पेश गरि आवेदन गर्ने ।
नगरपालिकाले पेश गेरको कागजातको आधारमा क्षतिको अवस्था जाँच गर्ने गर्छ ।
भुकम्प (प्राकृतिक प्रकोप) पीडित प्रमाण पत्र भएमा पहिलेकै अवस्थाको दैनिकिमा फर्किनका लागी आवश्यक पर्ने राहत रकम तथा राहत सामाग्री, कर तथा सरकार लाई तिर्नुपर्ने रकम मिनाहा , अस्थायी बसोबासको ब्यवस्था लगायतका कुराहरु क्षतिको आधारमा पाउन सकिन्छ । जाइरियु कार्ड पनि पुन: जारी गर्न सक्नुहुनेछ।
भुकम्प (प्राकृतिक प्रकोप ) पीडित प्रमाण पत्र पाउन आवेदन दिएको समय देखी केहि हप्ता देखी एक महिना भन्दा बढि पनि लाग्ने भएकाले नगरपालिका कार्यालयमा जानकारी लिनुहोला ।

(सावधानी) आवेदन नगरी भुकम्प ( प्राकृतिक प्रकोप ) पीडित प्रमाण पत्र पाइदैन । नगरपालिका कार्यालयमा गइ आवेदन दिऔं ।

## २. घरमा सामानहरु मिलाउनु भन्दा पहिले

**・बिजुली**




बिजुली चुहावट हुनसक्ने भएकाले ब्रेकर चेक गरौ । ब्रेकर आफै झरेको (बन्द भएको ) खण्डमा करेन्ट लाग्ने डर हुने भएकाले बिद्युत् कम्पनीमा खबर गरि सल्लाह गरौ ।

**・ग्यास**




घर भित्र ग्यासको गन्ध आएमा ग्यास कम्पनिमा खबर गरौ ।

तोसी ग्यासको भएमा प्रकोपको बेला आफै ग्यास बन्द हुने गर्दछ । ग्यास पुन सुचारू भएमा ग्यास मिटरको (फुक्कि बटन) लेखेको ठाँउमा दबाउनु भएमा प्रयोग गर्न मिल्छ । तोसी ग्यास प्रयोग गर्नु मिल्छ कि मिल्दैन भनि ग्यास कम्पनीमा फोन गरेर सोध्नुहोस । प्रोपान ग्यास प्रयोग गरि राख्नु भएको छ र ग्यास सिलिन्डर हल्लिरहेको छ भने ग्यास चुहावट भएको हुन सक्ने भएकाले ग्यास कम्पनीमा खबर गर्नुहोला ।

編集：NPO 法人多文化共生マネージャー全国協議会

**・बिमा कम्पनिमा फोन गर्ने**

आगलागी बिमा तथा भवन सम्बन्धी बिमा गर्नु भएको छ भने क्षति भएको कुरा बिमा कम्पनीलाई जानकारी गराउनुहोस । मर्मतको लागी खर्च पाउन पनि सकिन्छ ।

भाडामा बस्नुभएको छ भने घरमुली अथवा घर हेर्ने सम्बन्धित ब्यक्तिलाई खबर गर्नुहोस ।

घर मर्मत गर्नु भन्दा पहिले क्षतिको अवस्थाको फोटो खिची बिमा कम्पनी अथवा घरमुली अथवा घर बनाउने कम्पनीमा खबर गरौ ।

## 3. घरमा सामानहरु मिलाउँदा

**・चोटपटक नलाग्ने गरि गर्ने**

चोटपटक लाग्नबाट जोगिनका लागि लामो जुत्ता र बाक्लो पञ्जा लगाउने । धुलो तथा किटाणुहरू प्रशस्त हुने भएकाले सरुवा रोगहरु बाट जोगिन अनिवार्य मास्क लगाऔ । मुख घाँटी सुख्खा हुन नदिने , हात धुने , अल्कोहल लगाउने पानी प्रशस्त मात्रामा पिउने गरौ ।

**・फोहोर फाल्ने नियम सधै भन्दा अलि फरक हुन्छ**

गाडि तथा फ्रिज लगाएतका बिद्दुतिय सामानहरु प्रशस्त मात्रामा फोहोरको रुपमा निस्कने भएकाले सधै फोहोर फाल्ने ठाँउमा फोहोर लिन आउदैन । नगरपालिका अथवा छिमेकि सँग फोहोर फाल्ने ठाँउ र समयको जानकारी लिनुहोस ।


गाडि तथा फ्रिज लगाएतका बिद्दुतिय सामानहरु

**・स्वयम् सेवक हरुको सहयोग लिनुहोस**

धैरै स्वयम् सेवक हरुले [प्रकोप स्वयम् सेवक केन्द्र ] मा दर्ता गरेका हुन्छन । परिवारले मात्रै घरको सबै सामानहरू मिलाउँदा गाह्रो हुने भएकाले स्वयम् सेवक हरूको मद्दत लिनुहोस । प्रकोप स्वयम सेवक केन्द्र , समाज कल्याण परिषद् नगरपालिकामा सल्लाह गर्नुहोस । निशुल्क सहयोग पाइन्छ ।

स्वयम् सेवक हरुको सहयोग लिनुहोस



(सावधान)

**・चोरी तथा ठगि हरुबाट जोगिनुहोला**

सामाजिक सञ्जालमा पाइने सुचना झुटो पनि हुने गर्दछ ।
शङ्कास्पद लागेमा अनिवार्य सल्लाह लिनुहोला

**・जाइरियु कार्ड (रेसिडेन्स कार्ड) अथवा पासपोर्ट हराएमा**

दुतावास अथवा अध्यागमन विभागमा खबर गरौ ।